आज मिति २०८२ साल फागुन ११ गते सोमबारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई

२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई

३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई

४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई

५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ

६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल

७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री

८. कार्यपालिका सदस्य श्री मन कुमारी राई

९. कार्यपालिका सदस्य श्री सुजना वि.क.

१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.

११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल

१२. कार्यपालिका सदस्य श्री दिपक सुनार

१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी

१४. सदस्य-सचिव नि.प्रमुख प्रशासकीय अधिकृत श्री दुर्ग बहादुर राई

आमन्त्रित तथा सहयोगी

१. सूचना अधिकारी श्री डिल्लीमान राई

२. आर्थिक प्रशासन प्रमुख श्री उत्तम आचार्य

३. कार्यालय सहयोगी श्री राजन खड्का

प्रस्तावहरू –

१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि दररेट स्वीकृति सम्बन्धमा ।

२. गाउँपालिकाको मूल प्रवेशद्वार साप्सुखोला नजिकमा सार्वजनिक पूर्वाधार निर्माणका लागि निःशुल्क जग्गा प्राप्ति सम्बन्धमा ।

३. फोहोरमैला व्यवस्थापनका लागि उपकरण खरिदको रकम बाँडफाँड र कार्यान्वयन सम्बन्धमा ।

४. वडागत बजेट रकमान्तर सम्बन्धमा ।

५. विविध ।

(क) मुद्दा मामिला तथा अख्तियारी सम्बन्धमा ।

(ख)

निर्णयहरू -

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकार र साकेला गाउँपालिकाको ५०/५०% साझेदारीमा कार्यान्वयन हुने राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि प्राविधिक शाखाबाट तयार भई पेश भएको दररेट स्वीकृत गरी सोही अनुसार बाँडफाँड भएका योजनाहरू कार्यान्वयन गर्ने निर्णय सर्वसहमत पारित गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट साकेला गाउँपालिकाको केन्द्र मानेभञ्ज्याङ आउँने मूल प्रवेशद्वार नजिक सार्वजनिक पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा निःशुल्क प्राप्तिका लागि सार्वजनिक सूचना आह्वान गर्ने र प्राप्त आवेदनमध्ये उपर्युक्त जग्गा गाउँ कार्यपालिकाले छनौट गरी निःशुल्क प्राप्तिको प्रकृया अगाडि बढाउँने निर्णय सर्वसहमत पारित गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोशी प्रदेश-उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ का लागि गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत सर्टिङ साइटमा फोहोर प्रशोधनका लागि उपकरण खरिद तथा उक्त प्रयोजनका लागि भवन निर्माण समेतका लागि बजेट प्रस्ताव गरिएकोमा रु. ५०,००,०००/०० (अक्षरेपी पचास लाख) प्राप्त भएको र उक्त प्रयोजनका लागि उपकरण मात्र खरिद गरी खुला चौरमा मात्र राख्न उपर्युक्त नदेखिने हुँदा उक्त प्रयोजनका लागि रु. १०,००,०००/०० (अक्षरेपी दश लाख) मा ट्रस्ट निर्माण गर्ने र बाँकी रु. ४०,००,०००/०० (अक्षरेपी चालिस लाख) बराबरले सिसाजन्य र प्लास्टिकजन्य फोहोर प्रशोधनका लागि उपकरण खरिद गर्ने निर्णय सर्वसहमत पारित गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा साकेला गाउँपालिकाको १५ औं गाउँसभाबाट स्वीकृत भएको वडागत सिलिङको बजेट अनुसार तपसिल अनुसारका वडाहरूबाट बजेट रकमान्तरका लागि पेश भएको हुँदा कार्यपालिकाबाट स्वीकृत गरी आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय सर्वसहमत पारित गरियो ।

**तपसिल**

| सि.नं. | वडा | साविक योजनाको नाम | कायम हुने योजनाको नाम | रकमान्तर हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | स्वास्थ्य चौकी तथा वडा कार्यालय खानेपानी योजना | वडा कार्यालय स्वास्थ्य चौकी खानेपानी योजना | ८००००/० | १८०००० |
| २ | १ | वडा कार्यालय खानेपानी साकेला -१ | | १०००००/० | |
| ३ | १ | लहरेटोल सिढी निर्माण योजना | लहरेटोल गोरेटो बाटो सिढी तथा सोलिङ निर्माण योजना | ११००००/० | |
| ४ | ५ | साकेला गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण योजना | सिस्नेरी खानेपानी पलंखा र तितुङ खानेपानी बिर्ताको लागि पाईप खरिद | २०००००/० | |

प्रस्ताव नं. ५ विविध (क) माथि छलफल गर्दा यस साकेला गाउँपालिकाको कार्यालय र साकेला गाउँपालिकाको गाउँ कार्यपालिका विरुद्ध पर्ने मुद्दा मामिला तथा यस गाउँपालिकाले कुनै पनि अड्डा अदालत, निकाय, कार्यालय, मध्यस्थता न्यायधिकरण, विवाद समाधानका निकाय लगायतमा मुद्दा दायर गर्नुपर्ने भएमा उक्त मुद्दा मामिला गर्न, यस गाउँपालिकाको तर्फबाट पेश गर्नुपर्ने फिरादपत्र, प्रतिउत्तरपत्र, रिट निवेदन, निवेदन, लिखित जवाफ, लिखित प्रतिवाद, पुनरावेदन, दो.पा. निवेदन, दावीपत्र, प्रतिवादीपत्र, लगायत आवश्यक मस्यौदा गर्न, कानून व्यवसायी नियुक्ति गर्न, वारेस मुकरर गर्न, मध्यस्थमा प्रतिनिधित्व गर्न लगायत यस गाउँपालिकाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्नको लागि यस गाउँपालिकाका असिस्टेन्ट सब ईन्जिनियर श्री सय कुमार राईज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसहमत पारित गरियो ।

प्रस्ताव नं. ५ (ख) मा छलफलको अन्य विषय वा प्रसङ्ग नभएको हुँदा बैठकका अध्यक्षबाट धन्यवाद सहित बैठक समापन गरियो ।